सर्वोच्च अदालत
काठमाण्डौ

# प्रेस विज्ञप्ति

## सम्माननीय प्रधान न्यायाधीशसँग भारतका राजदूतको भेट

मिति २०७७ साल मंसिर २९ गते दिउँसो १२:३० बजे सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू र नेपालका लागि भारतका राजदूत **His Excellency Mr. Vinay Mohan Kwatra** बिच सर्वोच्च अदालतको विशिष्ट कक्षमा शिष्टाचार भेट सम्पन्न भयो।

शिष्टाचार भेटमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले एकै प्रकारको कानूनी प्रणाली र समान प्रकृतिको न्यायिक पद्धति रहेको नेपाल र भारतको न्याय क्षेत्रमा आपसी अनुभवहरूको आदान प्रदानबाट लाभ पुगिरहेको धारणा राख्दै भविष्यमा त्यसप्रकारका अवसरहरू थप फराकिलो बन्दै जाने विश्वाससमेत व्यक्त गर्नुभयो। त्यस अवसरमा महामहिम राजदूतज्यूले नेपालको सर्वोच्च अदालतको प्राथमिकतामा न्यायिक जनशक्तिका लागि तालिम, प्रशिक्षण, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरूको आयोजनाका लागि आफूले प्रभावकारी समन्वय गर्ने बताउनुभयो।

भेटमा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रार, भारतीय दूतावासका प्रथम सचिव, सम्माननीय प्रधान न्यायाधीशको निजी सचिवालयका अधिकृत र परराष्ट्र मन्त्रालयका अधिकृतसमेतको उपस्थिति रहेको थियो।

२०७७।०८।२९ गते, सोमबार